# सामयिक कर असुल ऐन, २०१२

| लालमोहर मिति | प्रकाशन मिति |
|---|---|
| २०१२।७।१८ | २०१२।९।११ |

| संशोधन गर्ने ऐन | लालमोहर र प्रकाशन मिति |
|---|---|
| १. सामयिक कर असुल (पहिलो संशोधन) ऐन, २०३७ | २०३७।५।६।६ |
| २. अर्थ सम्बन्धी केही नेपाल ऐन संशोधन गर्ने ऐन, २०४७ | २०४७।८।२७५ |
| | प्रमाणीकरण र प्रकाशन मिति |
| ३. गणतन्त्र सुदृढीकरण तथा केही नेपाल कानून संशोधन गर्ने ऐन, २०६६◆ | २०६६।१०।७ |

## २०१२ सालको ऐन नं. १४

✂.................

सामयिक कर असुल गर्ने व्यवस्था गर्न श्री ५ महाराजाधिराजबाट यो ऐन बनाई जारी गरिबक्सेको छ ।

१. **संक्षिप्त नाम** : यो ऐनको नाम "सामयिक कर असुल ऐन, २०१२" रहेको छ ।

२. **परिभाषा** : यसमा-

(क) "सूचित आदेश" भन्नाले नेपाल राजपत्रमा प्रकाशित भएको आदेशलाई सम्झनु पर्छ ।

(ख) "प्रकाशित" भन्नाले नेपाल राजपत्रमा प्रकाशित भएको सम्झनु पर्छ ।

३. **यस ऐन अन्तर्गत सूचित आदेश गर्ने अधिकार** : नेपाल सरकारको विचारमा भन्सार महसुल वा अन्तःशुल्क या अरु कुनै कर लागाउने बढाउने बारेको ऐन जारी गर्नुपर्ने ठहर भयो र जनहितको लागि त्यस्तो भन्सार महसुल या अन्तःशुल्क या अरु कुनै कर तुरुन्त लागाउन वा बढाउन वाञ्छनीय छ भन्ने चित्तमा लागेमा नेपाल सरकारले सूचित आदेशद्वारा लगाउन वा बढाउन सक्तछ ।

४. **यस ऐन अन्तर्गत निकालिएको सूचित आदेशको असर र अवधि** : (१) यसरी निकालिएको सूचित आादेश सो सूचित आदेशमा तोकिएको मितिदेखि कानून सरह हुनेछ ।

◆ यो ऐन संवत् २०६५ साल जेठ १५ गते देखि लागू भएको ।
✂ गणतन्त्र सुदृढीकरण तथा केही नेपाल कानून संशोधन गर्ने ऐन, २०६६ द्वारा झिकिएको ।

(२) सूचित आदेश यस ऐन बमोजिम देहायका अवस्थामा कानून सरह लागू हुने छैन :-

(क) संशोधन भै या नभै यस सूचित आदेशको बेहोरा कानून बनी लागू भएमा,

(ख) कानून सरह लागू हुने छैन भनी नेपाल राजपत्रमा सूचनाद्वारा नेपाल सरकारले निर्देश गरेमा,

[α](ग) माथि (क) र (ख) बमोजिम नभएमा नेपाल राजपत्रमा प्रकाशित भएको ६ महीना व्यतित हुने वित्तिकै ।

[σ](३) ..............................

५. **सूचित आदेश लागू हुन छाडेपछि फिर्ता गर्नुपर्ने** : (१) []सूचित आदेश लागू भएको मितिदेखि प्रारम्भ हुने गरी सूचित आदेश संशोधित भै कानूनको रुपमा परिणत भै आएमा सूचित आदेशमा तोकिएको भन्दा कानूनमा पर्न आएको दर घटी हुन गएमा बढी असुल हुन गएको जति फिर्ता गरिनेछ । केही गरी सूचित आदेशमा तोकिएको भन्दा कानूनमा पर्न आएको दर बढी हुन गएमा सो कानून लागू हुने मितिदेखि मात्र सो नयाँ दर बमोजिम असुल उपर गरिनेछ ।

तर यो दफा बमोजिम फिर्ता गर्नुपर्ने कुनै भन्सार महसुल या अन्तःशुल्क या अरु कुनै करको दर दफा ३ बमोजिम लगाईएको कर र साविक कर दरको तफावतभन्दा बढी हुन हुँदैन ।

(२) दफा ४ को उपदफा (२) को (ख) [β] ....................बमोजिम सूचित आदेश ऐनसरह लागू नहुने भएको खण्डमा असुल गरिएको सबै कर, महसुल, अन्तःशुल्क फिर्ता गरिनेछ, जुन कर, महसुल, अन्तःशुल्क सूचित आदेश नभएको भए असुल गरिने थिएन ।

**स्पष्टीकरण** :-

---

α अर्थ सम्बन्धी केही नेपाल ऐन संशोधन गर्ने ऐन, २०४७ द्वारा संशोधित ।

σ अर्थ सम्बन्धी केही नेपाल ऐन संशोधन गर्ने ऐन, २०४७ द्वारा झिकिएको ।

] पहिलो संशोधनद्वारा संशोधित ।

β पहिलो संशोधनद्वारा झिकिएको ।

(क) सूचित आदेश निकाल्नु अगाडि १२ रुपैंयाँ कर लागेको कलम सूचित आदेशले २० रुपैंयाँको दरले उठाएकोमा पछि कानूनबाट १५ रुपैंयाँ मात्र लिने लेखिएकोमा ५ रुपैंयाँ फिर्ता दिनु पर्छ ।

(ख) सूचित आदेश निकाल्नु अगाडि १२ रुपैंयाँ कर लागेको कलम सूचित आदेशले २० रुपैंयाँको दरले उठाएकोमा पछि कानूनबाट १० रुपैंयाँ मात्र लिने लेखिएकोमा ८ रुपैंयाँ फिर्ता दिनु पर्छ ।

नेपाल कानून आयोग

---

द्रष्टव्य : (१) नेपाल अन्तरिम शासन विधान, (चौथो संशोधन) २०१५ द्वारा रुपान्तर गरिएका शब्दहरु :-
" नेपाल सरकार" वा "सरकार" को सट्टा "श्री ५ को सरकार" ।
(२) केही नेपाल कानून संशोधन गर्ने ऐन, २०६३ द्वारा रुपान्तर गरिएका शब्दहरू:-
"श्री ५ को सरकार" को सट्टा "नेपाल सरकार" ।